**श्री सर्वोच्च अदालतमा चढाएको**

**निवेदन पत्र**

**विषय : नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ अन्तर्गत उत्प्रेषण, प्रतिषेध र परमादेश लगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ ।**

काभ्रेपलाञ्चोक जिल्ला साविक महेन्द्रज्योती - ४ हाल परिवर्तित बनेपा न.पा. - १२ निवासी श्यामकाजी विष्टको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५९ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (ID: C-0006226-1428) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको अध्यक्ष लेनिन विष्ट (मो.नं. ९८५१०४८३२८) .........................१

काठमाडौं जिल्ला साविक नाङगेभारे - ५ हाल परिवर्तित शंकरापुर नगरपालिका वडा नं. १ निवासी थल प्रसाद दंगालको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५७ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (क्र.सं. CTN1025234) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको संस्थापक संयोजक कृष्ण प्रसाद दंगाल (किरण) (मो.नं. ९८४१०७२७६६) ..........................................................................१

शिव बहादुर खड्काको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५८ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक

<u>निवेदक</u> पक्ष

(Minor) प्रमाणित (ID: CIN-1012169-3873)पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको उपाध्यक्ष परमेश्वर खड्का (मो.नं. ९८५१२४५१३८ ......१

काभ्रेपलाञ्चोक जिल्ला साविक ज्याम्दी - २ हाल परिवर्तित मण्डनदेउपुर न.पा. - १२ निवासी डेम पराजुलीको छोरी सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५८ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (प्रतिवेदन क्र.सं. १९३७) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको उपाध्यक्ष शोभा रायमाझी (मो.नं. ९८४९६६४१२१) ..................१

ओखलढुङ्गा जिल्ला साविक रगनी गा.वि.स. वडा नं. ७ हाल परिवर्तित खिजिदेम्बा गा.पा. - ०२ निवासी यादव कुमार नेपालको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५९ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (क्र.सं. SND1013216) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको उपाध्यक्ष तुलसी नेपाल (सुशिल) (मो.नं.९८६४४५९३३६) ------------------------------------------------१

उदयपुर जिल्ला बसाहा ०४ हाल परिवर्तित चौदण्डी गढी न.पा. ०३ निवासी सुनविर राईको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५८ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (प्रतिवेदन क्र.सं. B-100716-288) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको सदस्य खेम बहादुर राई (खगेन्द्र) (मो.नं. ९८१५१४४६७६) .........१

दोलखा जिल्ला साविक फस्कु - ०१ हाल परिवर्तित शैलुङ गा.पा. - ०७ निवासी लक्ष्मण तामाङको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५८ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (क्र.सं. CTN1012430) पूर्व बालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको सचिव राजन तामाङ (मो.नं. ९८६०३१८४३०) ..............................१

<u>निवेदक</u>
पक्ष

ओखलढुङ्गा जिल्ला साविक गाम्नाङटार - ०६ हाल परिवर्तित लिखु गा.पा. - ०७ निवासी भुपाल बहादुर चौहानको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५८ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (प्रतिवेदन क.सं.CTN 1014210) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको सचिव मोहन कुमार चौहान (मो.नं. ९८४३६६२२४९) ...१

उदयपुर जिल्ला साविक बेलटार - ०९ हाल परिवर्तित चौदण्डिगढी न.पा. - ०२ निवासी किसन राईको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्राही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५७ सालदेखि बालसैन्यको रुपमा भर्ती गरी UNMIN (United Nations Mission in Nepal) द्वारा नाबालक (Minor) प्रमाणित (प्रतिवेदन क.सं. २९४७) पूर्वबालसेना तथा बर्हिगमित जनमुक्ति सेना, नेपालको सचिव मदन राई (मो.नं. ९८६०८५९७०४) ............................१

निवेदक पक्ष

**विरुद्ध**

मुक्तिराम दाहालको छोरा चितवन जिल्ला भरतपुर महानगरपालिका (मनपा) - १२ घर भै हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका - १५ बस्ने जिल्ला गोरखाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभाको सदस्य नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' (मो. ९८०१४१९९९०).........................................................१

भोजराज भट्टराईको छोरा गोरखा जिल्ला साविक खोप्लाङ - ४ परिवर्तित पालुङ्टार नगरालिका - ११ निवासी द्वन्द्वकालमा माओवादी विद्रोहको क्रममा जनक्रान्तिकारी परिषदका अध्यक्ष (जनसरकार प्रमुख) एवं पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई मो. ९८०८२१३६३०) ...........................................................................१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं .....................................१

नेपाल सरकार, रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ...................................१

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........................................................................................१

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर ..................................१

वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, हरिहरभवन, ललितपुर ...................१

सत्य निरुपण तथा मेलमिलाप आयोग, काठमाडौं महानगरपालिका वडा नं. ४ हाँडीगाउँ, काठमाडौं (भीमसेनमार्ग घर नं. ९३४)......................................१

संघीय संसद नेपाल, काठमाडौं ...................................................................१

प्रत्यर्थी विपक्षी

**मुद्दा : उत्प्रेषण परमादेश ।**

म रिट निवेदक निवेदन दस्तुर यसै साथ संलग्न गरी नेपालको संविधानको धारा १६, १७, धारा २१, धारा २७, धारा २९ (शोषण विरुद्धको हक) धारा ३९ को उपधारा ६ र १०, धारा ४२ (५), धारा ४८(ख) र ऐ.ऐ. को धारा ४६, १३३ (२) र (३) बमोजिम सार्वजनिक हक वा सरोकारको विवाद समावेश भएको कानुनी सवाल निरोपणको लागि सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४० अन्तर्गत निम्न लिखित व्यहोराको निवेदन गर्दछु ।

प्रस्तुतीकरणको सरलताको लागि यस रिट निवेदनमा यसपछि तत्कालीन विद्रोही पक्ष नेकपा माओवादी हाल नेकपा माओवादी (केन्द्र) लाई 'माओवादी', नेपालको संविधानलाई "संविधान", United Nation Mission in Nepal लाई 'UNMIN' नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौता, २०६३ लाई "शान्ति सम्झौता", नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३ लाई 'अनुगममन सम्झौता', बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (Act on Commission on Investigaton of Disappeared Person, Truth and Reconciliation, 2071 (2014)) लाई 'TRC Act' भनी सम्बोधन गरिनेछ ।

म निवेदक लेनिन विष्ट सशस्त्र द्वन्द्वकालमा माओवादीले सैन्य भर्ती गर्दा जम्मा १३ वर्षको थिएँ । मलाई विद्रोही पक्षले आवश्यकतानुसार प्रयोग गऱ्यो । २०६२/०६३ को जनआन्दोलन पछि मात्र मलाई माओवादीले सार्वजनिक गरेको हो । सत्य निरुपण तथा मेलमिलाप आयोगमा पनि समग्र विषय समेटेर न्याय प्राप्तिको आसमा उजुरी दिएको थिएँ । उजुरी माथिको प्रगति विवरण बारे म पूर्णरुपेण अनविज्ञ छु ।

म निवेदक लेनिन विष्ट माओवादी पार्टीमा मिति २०५९/०७/२१ गते आवद्ध भएको थिएँ । शुरुका दिनमा मलाई Grenade र Pistol सम्बन्धी तालिम दिई सोका आधारमा Intelligence/Messanger/गुप्तचर विभागमा खटाइयो । UNMIN को Verification ले २९७३ मध्ये मलाई Child Soldier को रुपमा सूचीकृत गऱ्यो । UNMIN को प्रमाणीकरणको अपव्याख्या गर्दै Minors/Disqualified Combatants - नाबालक/अयोग्य लडाकु भनी नामाकरण गरियो । मेरै नेतृत्वमा तत्कालीन शान्ति तथा पुनिर्निर्माण मन्त्रालयसँग भएको सहमतिले अयोग्य लडाकु होइन बर्हिगमित जनमुक्ति सेनाको रुपमा

सम्बोधन गर्ने भनियो । तर व्यवहारमा आ.व. २०७३/०७४ को बजेट बुँदा नं. १९ मा पनि द्वन्द्वकालका अयोग्य लडाकुहरुलाई जनही रु. २ लाख दिने व्यवस्था गरियो । मिति २०७९/१२/०६ गतेको मन्त्रिपरिषदको निर्णय तथा गृह मन्त्रालयले जारी गरेको अयोग्य लडाकुहरुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ मा पनि अयोग्य शब्द नै प्रयोग गरी अपमान गरियो । सरकारले म जस्ता बालसेनालाई दीर्घकालीन उपायको बाटो दिनु पर्छ क्षणिक राहत यसको विकल्प होइन । मलाई बालसेनाको विषय उठाएको भनी विगतदेखि हालसम्म पनि दुर्व्यवहार गरिएको छ । Child Solider को Issue माओवादीको लडाकु शिविरबाट अपमानजनक ढंगले निकालिएपछि देखि नै शुरु गरेको हुँ । यसै क्रममा माओवादीको केन्द्रीय कार्यालय पेरिस डाँडामा शान्तिपूर्ण धर्नामा बस्दा मलाई मन्त्रिको गाडी चोरी लगायतका अभियोग लगाई मिति २०६९/१०/१० देखि हनुमानढोकामा २८ दिनसम्म राखी म माथि सार्वजनिक मुद्दा चलाइयो जुन ठहरिएन । २८ हजार रुपैयाँ धरौटीमा प्रमुख जिल्ला अधिकारीले मलाई छोड्ने आदेश दिए । तर तत्कालै प्रहरीले कल बाइपासको मुद्दामा मलाई पुनः हत्कडी लगाई एक करोड रुपैयाँ धरौटी माग गरियो । त्यति रकम जम्मा गर्ने सामर्थ्य मसँग थिएन । सम्मानित भक्तपुर जिल्ला अदालत र तत्कालीन पुनरावेदन अदालत पाटनले मलाई सफाई दिए पछि लगभग एक वर्षपछि छुटें । बालसेनाको मुद्दा मैले निरन्तर रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा उठाइरहेको छु । बालसेना मञ्जु गुरुङ्गको विषय Security Council मै उठ्यो । माओवादीकै केही नेताहरुले धोकाधडी गरी Child Solider को विषय सामसुम पारे अनमिनलाई बालसेना भनी सार्वजनिक गर्ने अवसर दिइएन् तर बिदेशी डकुमेन्ट्रीहरुमा बालसेनाकै रुपमा चित्रित गरेको पाइन्छ । माओवादीको पहिलो शहीद दिल बहादुर रम्तेल जो २०५२/११/१४ मा तत्कालीन राज्य पक्षबाट मारिए । उनी पनि विद्यालयमा पढ्ने उमेरका छात्र थिए । यसबाट प्रष्ट हुन्छ, द्वन्द्वमा माओोवादीले बालबालिकाको व्यापक दुरुपयोग गरेको थियो । Child Soldier को विषय सार्वजनिक गरेकै निहुँमा मलाई ज्यान मार्ने धम्की पनि आयो । मेरो कोठा तोडफोड गरी बहुमूल्य डकुमेन्टस/पैसा लुटियो, मलाई अपहरण गरियो भागेर ज्यान जोगाएँ । शान्ति सुरक्षाको दृष्टिकोणले एक महिना भूमिगत पनि भएँ । यसर्थ शान्ति सुरक्षाको लागि विगतमा पनि सम्बन्धित निकायमा निवेदन दिएको र हाल पनि असुरक्षित नै महशुस भएकोले म लगायतका हामी निवेदकहरुको जीउधनको सुरक्षा पनि सम्मानित अदालतकै आदेशबाट

गरी पाऊँ । बास्तवमा हामी निवेदकहरु माथि माओवादीले युद्ध अपराध गरेकोले सोही कारण पीडित भएका पूर्व बालसेना हौं ।

१. रिट निवेदनको संक्षिप्त व्यहोरा :

क) मिति २०६३/०२/१२ मा तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) बीच दुई पक्षीय सहमतिद्वारा युद्ध विराम आचार संहिता लागू गरियो । उल्लेखित आचार संहिताको प्रस्तावनाको दोस्रो अनुच्छेदमा भनिएको थियो, "मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै", शान्ति सम्झौताको प्रस्तावनाको अनुच्छेद ५ मा मानवीय कानुनप्रति प्रतिवद्ध रहने तथा अन्तिम अनुच्छेदमा दीर्घकालीन शान्तिको प्रतिवद्धता उल्लेख थियो छ । तर आज पर्यन्त म जस्ता द्वन्द्वकालमा बाल सेनाका रुपमा प्रयोग गरिएका नाबालकहरुको न्यायिक आवाज बन्द गरियो । शान्ति सम्झौताको धारा ७.६ (महिला तथा बालबालिकाको अधिकार) को उपधारा ७.६.१ मा लेखिएको थियो, "......... अठार वर्ष वा सो भन्दा मुनिका केटाकेटीलाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग नगर्न पूर्ण रुपमा सहमत छौं । यसरी प्रभावित बालबालिकाहरु तुरुन्त उद्धार गरिनेछन् र यथोचित सहयोग प्रदान गरिनेछ ।" त्यसैगरी अनुगमनमा सम्झौताको धारा १ को उपधारा (१.१) को छैठौं हरफमा पनि शान्ति सम्झौताकै धारा ७.६ को उपधारा ७.६.१ कार्यान्वयनको प्रतिवद्धता जनाइएको थियो । अनुगमन सम्झौताको धारा १ को उपधारा १२(८) मा लेखिएको थियो र छ, "माओवादी सेनाका लडाकुहरु" भन्नाले यस सम्झौताको प्रयोजनका लागि ११ जेठ २०६३ (२५ मे. २००६) भन्दा अघि सेवा प्रवेश गरेका, बालिग र नेकपा (माओवादी) को परिचय पत्र तथा पक्षहरुबाट मञ्जुर गरिएका अन्य माध्यम समेतबाट आफ्नो सेवा प्रदर्शन गर्न सक्षम, कर्तव्य पालनामा नियमित र सक्रिय रुपमा खटिएका माओवादी सेनाका सदस्यहरु समेतलाई जनाउँछ । प्रस्तुत प्रावधानको दायराभित्रको मापदण्डको अपव्याख्या गरी हामी लगायतकालाई UNMIN ले बालसेना होइन नाबालक भनी नामाकरण गरी अन्याय गर्‍यो । जस्तै तोकिएको योग्यता उमेर समूह पूरा गर्न नसकेका नाबालक

२९७३ जना कायम गरिए । आवश्यक छानविन गरी बालसेनाको संख्या एकिन गर्न तर्फ विपक्षीहरु र अनमिनको सक्रियता रहेन । बालसेना (Child Soldier) को परिचयबाट वञ्चित गर्न सर्वपक्षीय सहमति भयो । Child Soldier को विषय अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनको क्षेत्राधिकार भित्र पर्ने भएकोले गोप्य सहमति गरी म लगायतका २९७३ जना Minors लाई 'अयोग्य लडाकु' को बिल्ला दिई शिविरबाट अन्यायपूर्ण र लज्जाजनक हिसाबले बिदा गरियो । म जस्ता सक्कली बालसेनाको योगदानले देश लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्‍यो तर त्यही व्यवस्थाले अयोग्य सावित गरी हुर्मत लिने काम भयो । अतः विपक्षीहरुबाट म माथि अक्षम्य अपराध भएको छ । न्यायका लागि शान्तिपूर्ण आन्दोलन पनि गरियो तर सुनुवाई नभएका कारण सम्मानित अदालत समक्ष यो रिट निवेदन लिई उपस्थित भएका छौं ।

ख) विपक्षीहरुबाट अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अन्तर्गत बालअधिकार महासन्धीको धारा ३८ को पालना भएको छैन जस अनुसार द्वन्द्वकालमा बालसैन्य भर्ती गर्नु युद्ध अपराध हो । नेपाल द्वन्द्व प्रतिवेदन, २०१२ ले पनि यही तथ्यको पुष्टि गर्दछ । बाल अधिकार महासन्धिको धारा ३९ ले बालसैन्य भर्ती गरी पीडित बनेकाहरुलाई तुरुन्त उद्धार गर्नुपर्ने प्रावधानको व्यवस्था गरेको पाइन्छ । पेरिस प्रतिवद्धताले पनि गैर कानुनी ढंगले भर्ती गरेका बालबालिकाको संरक्षण द्वन्द्वरत पक्षले गर्नुपर्ने उल्लेख गरेको छ । यतातर्फ विपक्षीहरुको ध्यान गएका पाइएन । म जस्ता Child Soldier लाई Ineligible Combatants को Tag भिराएर अपमानजनक ढंगले शिविरबाट वर्हिगमन गरियो ।

ग) Child Soldier को विषय International Forum मा उठाउँछ भनेर म निवेदक लेनिन विष्टलाई Tribhuvan International Airport मा रोकियो । अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउन मिल्दैन भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर पनि प्रतिपादन भएको छ (नेकाप २०७६, भाग ६१, अंक ११, नि.नं. १०३८८, पृ. २३७१ रिट नं. ०७५-WO-०२३१) । प्रस्तुत नजीरबाट पनि म निवेदक लेनिन विष्ट बालसेना भएको र राज्यले/माओवादीले उपेक्षा गरिरहेको तथ्य पुष्टि हुन्छ ।

२. संवैधानिक तथा कानुनी प्रश्न : विपक्षीहरुले हामी जस्ता निवेदकहरुलाई Child Soldier को पहिचान समाप्त गर्नका लागि बेला बेलामा राहतको प्याकेज घोषणा गर्ने गरेका छन् । जुन हाम्रो माग होइन । सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग गर्नु युद्ध अपराध एवं अमानवीय कार्य हो । हामी माथि विपक्षीहरुबाट नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धीको धारा ९ (Right to liberty and security of the person) विपरितका काम कारवाही भै रहेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन स्वतन्त्रता र सुरक्षाको प्रत्याभूति गरेको पाइन्छ । नेपालको सन्धी ऐन, २०४७ को दफा ९, नेपालले अनुमोदन गरेको सन्धि सम्झौता नेपालको कानुन सरह लागु हुने उल्लेख छ । बालसेना प्रयोग गर्ने पक्ष माओवादी युद्ध अपराधको भागीदार हुनु पर्दछ । कानुनमा Ignorance of law is no excuse भन्ने प्रावधान छ । तर द्वन्द्वकालमा माओवादीले बालबालिकाको प्रयोग गर्नु हुन्न भन्ने तथ्यको जानकारी हुँदाहुँदै बल मिच्याईको भरमा गरेको थियो । द्वन्द्वमा कति बालबालिका मारिए, अंगभंग बनाइए, बेपत्ता पारिए आदिको तथ्याङ्क हालसम्म सार्वजनिक छैन । माओवादीले बालसेनाको वास्तविक विवरण Disclose नगर्नु भनेको उनीहरुको योगदानको अवमूल्यन र अस्तित्व अस्विकार गर्नु हो । बालसेना प्रयोग गर्नु युद्ध अपराध भएकोले सम्बन्धित पक्षलाई कारवाही गर्ने अन्तर्राष्ट्रिय प्रचलन नै छ ।

क) लोकतान्त्रिक गणतान्त्रिक कंगोका विद्रोही नेता थोमस लुवाङ्गालाई युद्धमा १५ वर्षभन्दा कम उमेरका बालसेना प्रयोग गरेको भन्दै अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पूर्जी जारी गऱ्यो र उनले मार्च २००६ मा अदालत समक्ष आत्मसमर्पण गरे र उनलाई हेगको बन्दी गृहमा थुनियो । जुलाई २०१२ मा उनलाई अदालतको पुर्पक्ष कक्षले दोषी ठहराई १४ वर्षको काराबासको फैसला सुनायो । डिसेम्बर २०१५ देखि उनी कंगोकै बन्दीगृहमा सजाय काटीरहेका छन् । डिसेम्बर २०१७ मा जवाफ देहिताको नाममा पीडित पक्षलाई परिपुरण स्वरुप एक करोड अमेरिकन डलर जरिवानाको फैसला पनि भयो । त्यसैले बालसेना प्रयोग गरे वापतको क्षतिपूर्ति बिपक्षीहरु बाट दिलाउने, बाल सेनाको रुपमा हामीलाई प्रयोग गरि हाम्रो समस्त भबिष्य र करियर तहसनहस पारेकोमा बिपक्षी प्रचण्ड र डा. भट्टराईलाई जिम्मेवार

बनाई कानूनको दायरामा ल्याउन अन्य बिपक्षीहरुलाइ परमादेश लगायत जे जो चाहिने आदेश जारी होस् भनि निबेदन गर्दछु ।

ख) अबोध बालकलाई बन्दुक बोकाउनु, जासुसी गर्न लगाउनु, फ्रन्टलाइनमा पठाउनु, युद्धको सर सामान ढुवानी गर्न लगाउनु र हरहिसाबले जीउ ज्यानको खतराको सामु राख्नु अन्तर्राष्ट्रिय कानुन अनुसारको युद्ध अपराध हो । माओवादीले बालयोद्धा प्रयोग गरेको कुरा संयुक्त राष्ट्रसंघले प्रमाणित गरेको छ । यस युद्ध अपराधको मूल रचयिता पुष्पकमल नै हुन् । युनिसेफ र बालयोद्धा सम्बन्धी 'स्पेशल ऱ्यापोर्टर' राधिका कुमारास्वामीले नेपाली माओवादीको कर्तुतलाई उजागर गरिन् । १० जुन २०१० ( २०६७ साल असार ३, राष्ट्र संघीय सुरक्षा परिषदको ६३४१ औं बैठक) मा नेपालबाट 'मञ्जु गुरुङ' नाम दिएर एक जना बालयोद्धा न्यू योर्कस्थित संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको कक्षमै लगेर बयान दिने काम भयो । यसरी बालबालिकामाथि युद्ध शोषणको भार थोपर्न मिल्दैन । (https://www.ukaalo.com/opinion/221104 -maoist-pushpakamal-conflict/723?s=07&fbclid=lwAR1/gmNuGWADcOnbW-iTnU4gkuS1150cNF3NGv2YS_BxSkrroeGww2Hj/ho) यस्ता प्रकारका जघन्य अपराधमा संलग्नलाई कारवाही हुनु पर्दछ ।

ग) सशस्त्र द्वन्द्वका मानवीय कारण खोज्न र त्यसका असर नियन्त्रण गर्ने उद्देश्यले बनेका नियमहरु नै अन्तर्राष्ट्रिय मानवीय कानुन हुन् । द्वन्द्वरत पक्षलाई उल्लेखित तथ्यको ज्ञान थियो । २०६३ साल माघ ९ देखि २०६७ साल माघ १ गतेसम्म सेना समायोजनमा UNMIN को भूमिका थियो । यसर्थ, UNMIN सँग पूर्व बाल सेनाको तथ्याङ्क मात्र होइन, बाल सेनासँग सम्बन्धित भित्री प्रतिवेदन नै तैयार छ । मानव अधिकार आयोगले मानव अधिकार उल्लंघनमा संलग्नलाई कारवाही गर्न भनी गरेको सिफारिस पनि कार्यान्वयन भएको पाईदैन । सत्य निरुपण तथा मेलमिलाप आयोगले TRC Act को दफा २ (ञ)(९) को "अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरित गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य कार्य" अनुसार पनि पूर्व बाल सेनाको विषय आयोग कै क्षेत्राधिकारभित्र पर्छ तर यता तर्फ विपक्षीहरुको ध्यान गएको छैन । अन्तर्राष्ट्रिय समुदायलाई पीडितका लागि गठित बेपत्ता पारिएका व्यक्तिको छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोगले

समेत पीडितलाई न्याय दिन सकेनन् भने त्यसबेला हेग (Hague) स्थित अन्तर्राष्ट्रिय अदालत आर्कषित हुन सक्छ । त्यसका लागि हामी जस्ता पीडित बाल सेना प्रतिनिधि पात्रका रुपमा अन्तर्राष्ट्रिय अदालतमा प्रमाण सहित उपस्थित हुने नै छौं ।

घ) अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अन्तर्गत बाल अधिकार सम्बन्धी महासन्धि (The Convention on the Rights of the Child - CRC) को नेपाल पक्ष राष्ट्र हो । त्यसको धारा ३८ मा भनिएको छ, "The right to child to special protection in armed conflict, including a prohibition on their recruitment into armed forces" उल्लेखित प्रावधानको उल्लंघन माओवादीबाट भएको छ । वास्तवमा Security Council Resolution 1612 (2005) अनुसार १८ वर्ष उमेरलाई सैन्य मापदण्डको आधार मानिएको पाइन्छ । United Nations, Office of the High Commssioner for Human Rights in Nepal - UNOHCHR द्वारा सन् २०१२ मा प्रकाशित Nepal Conflict Report ले सोही तथ्यको पुष्टि गर्दछ ।

ङ) अतः माथिका प्रकरणहरुमा उल्लेखित तथ्य र कानूनको आधारमा विपक्षीहरुको उक्त काम, कारवाही र निर्णय संविधानको धारा १, धारा १६, धारा १७, धारा १८, धारा २१(२), धारा २७, धारा २९, धारा ४२ (५), धारा ४८(ख), धारा १२६(२), धारा १२८(४) र धारा ३०४(२) तथा CRC को धारा ३७, ३८ र ३९, TRC Act को दफा २(ञ)(९) विपरित गैरकानुनी र गैरसंवैधानिक छन् ।

३. माग गरिएको उपचार :

क) प्रचलित कानुनी प्रावधानलाई अनदेखा गरी UNMIN को बालसेना सम्बन्धी प्रमाणीकरण दस्तावेजलाई अपव्याख्या गरी गोप्य राखि बाल सेनाको दर्जा/पहिचानबाट हामीलाई वञ्चित गर्ने किसिमका विपक्षीहरुका जुनसुकै निर्णय पनि उत्प्रेषणको आदेशले बदर गरी पाऊँ ।

ख) प्रचलित कानुनी प्रावधानलाई अनदेखा गरी UNMIN को बालसेना सम्बन्धी प्रमाणीकरण दस्तावेजलाई अपव्याख्या गरी बाल सेनाको दर्जाबाट हामीलाई वञ्चित गर्ने किसिमका कार्य नगर्नु भनि बिपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरी पाऊँ ।

ग) नेपालको सन्धि ऐन, २०४७ को दफा ९ तथा शान्ति प्रक्रियाको मर्म र भावना विपरित अयोग्य लडाकु नामाकरण गरी (नाबालक भनी हेप्ने र अपमान गर्ने) हामी बाल सेनाले गरेको योगदानलाई अवमूल्यन नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा परमादेश एंब प्रतिषेधको आदेश जारी गरी पाऊँ ।

घ) विपक्षीहरुबाट नेपाल सरकार र नेकपा माओवादी बीच सम्पन्न विस्तृत शान्ति सम्झौता २०६३, नेपाल सरकार र नेकपा माओवादी बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता २०६३, बाल अधिकार सम्बन्धी महासन्धि र त्यसको Optional Protocal, TRC Act को दफा २(ञ)(९), बाल सेना प्रयोग सम्बन्धी अन्तर्राष्ट्रिय मनवीय कानुन, सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला र प्रतिपादित नजीर, नेपालको संविधान लगायतका प्रचलित कानुनहरु विपरितका कार्यहरु भएकोले ती उल्लेखित कानुनहरुको अक्षरश: पालना गर्नु गराउनु र हामीलाई बाल सेनाको रुपमा परिभाषित गरी पहिचान दिलाई सोही अनुसार परिपुरण, क्षतिपूर्ति र न्याय दिलाई भराई पाउन विपक्षीहरुका नाममा परमादेश जारी गरी पाऊँ । साथै सशस्त्र द्वन्द्वमा बाल सेना भर्ती गर्नु गराउनु हुन्न भन्ने तथ्य ढाँटी हामी जस्तालाई बालसैन्यको रुपमा भर्ती गरी हाम्रो सुन्दर भविष्य बरबाद गर्ने र युद्ध अपराधको भागीदार भै अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन गर्ने बिपक्षीद्वय पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराई माथि प्रचलित अन्तर्राष्ट्रिय कानुन बमोजिम कानूनको दायरामा ल्याउन राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा आवश्यक पर्ने कार्य गर्नु र घरेलु रुपमा कानूनको दायरमा ल्याउन संयुक्त राष्ट्र संघको सुरक्षा परिषद संग समन्वय गरी संयुक्त राष्ट्र संघिय आयोग (उदाहरणका लागि रुवान्डा वा युगोस्लाभियामा स्थापित आयोग Tribunal) स्थापित गरी कानूनी कार्यबाहीको प्रक्रिया अघि बढाउनु र सो को प्रगति विवरण सम्मानित सर्बोच्च अदालतलाइ नियमित रुपमा पेश गर्नु भनि परमादेशको आदेश जारि गरी पाउँ ।

ङ) सशस्त्र द्वन्द्वमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले हामीलाई बालसैन्यको रुपमा प्रयोग गरेर विस्तृत शान्ति सम्झौता पछिका साँढे १६ वर्षसम्म पनि न्याय दिलाउने कार्य नगरेकोले तत्काल हामीलाई बालसेनाको पहिचान दिई परिपुरण, क्षतिपूर्ति, न्याय लगायतका काम कारवाही तत्काल गर्नु गराउनु भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम

आदेश जारी गरी पाऊँ । साथै अमानवीय ढंगले युद्ध अपराध गरी हामीलाई बालसेनाको रुपमा प्रयोग गर्ने तत्कालीन माओवादी विद्रोह कालका नेताद्वय पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराई माथि आवश्यक अभियोजन प्रक्रियाको थालनी गर्न गराउनका लागि आवश्यक प्रक्रिया अघि बढाउनु त्यतिन्जेल सम्म निजहरुको विशेष गरी विपक्षी प्रधानमन्त्री माथि नैतिक प्रश्न उठ्ने भएकोले निज प्रधानमन्त्रीको पदिय हैसियत पनि निलम्बनमा राख्नु वा कायम नहुने गरी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ ।

४. हाल कानुन व्यवसायी मुकरर गरेको छैन । पछि नियुक्त हुने कानुनी व्यवसायीको बहस बुँदालाई यसै निवेदनपत्रको अभिन्न अंग मानी पाऊँ । यस प्रकृतिको मुद्दा अन्य अदालतमा समानान्तर रुपमा दर्ता गरेको छैन । मुद्दाको गम्भीरता, निवेदकहरुको न्यायप्रतिको लगावलाई मध्येनजर गरी पेशी मिति नै तोकेर यस रिट निवेदनको अन्तिम सुनुवाई गरी पाऊँ ।

५. संलग्न कागजातहरु प्रति

क) बाल सेना सम्बन्धी UN प्रतिवेदन थान ......................................................२

ख) Child Rights सम्बन्धी Nepal Conflict Report 2012, p, 38-39, 50-57 प्रति थान ......................................................................................................१

ग) बिर्सिएका बालसैन्य (२३-२९ साउन, हिमाल खबर पत्रिका) शीर्षक लेख प्रति थान..१

घ) नेपाली नागरिकताका प्रति थान ..............................................................१

ङ) वेपत्ता पारिएको व्यक्तिको छानविन आयोगले प्रकाशन गरेको Child Soldier सम्बन्धी लेखको प्रति थान ..................................................................१

च) सत्य निरुपण तथा मेलमिलाप आयोगमा दिएको उजुरी निस्सा प्रति थान ............१

छ) नेपाल सरकार सँग भएको सहमति प्रति थान ...............................................२

ज) सम्बन्धित लिङ्कहरु ..................................................................

https://reliefweb.int/report/nepal/deal-be-signed-release-disqualified-combatants-nepal
https://kantipurtv.com/politics/2023/03/23/1679582951.html
https://thediplomat.com/2017/04/nepals-ex-maoist-child-soldier-shares-plight-of-his-3000-peers/
https://www.onlinekhabar.com/2023/05/1309026
https://www.hrw.org/report/2007/02/01/children-ranks/maoists-use-child-soldiers-nepal
https://khabarhub.com/author/bishnu-pathak/
https://nagariknews.nagariknetwork.com/blog/148467-1525946880.html
https://www.yugnews.com/2023/05/68371

https://www.kantipurdaily.com/news/2023/05/19/168447168198718080.html
https://www.ghatanarabichar.com/213008
https://www.npkhabar24.com/2019/47675/
https://images.app.goo.gl/uHCESLcV1r3F9XM37
Christine Knudsen, *Symposium: Peacekeeping and Security in Countries Utilizing Child Soldiers: Panel 1: The Problem of Re-Acclimating Child Soldiers into Society Assuming Peacekeeping is Successful: Demobilization and Reintegration during an Ongoing Conflict*, 37 Cornell Int'l L.J. 497 (2004).
The Prosecutor v. Thomas Lubanga Dyilo, ICC-01/04-01/06, available at https://www.icc-cpi.int/drc/lubanga accessed on Dec. 22, 2017.
Andrew Clapham, *Human Rights Obligations of Non-State Actors in Conflict Situations*, International Review of the Red Cross, Vol. 88, No. 863, (Sep. 2006),
492-493, available https://www.icrc.org/eng/assets/files/other/irrc_863_clapham.pdf, accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1261, (2000) [on children in armed conflict], 25 Aug. 1999, S/RES/1261 (1999), available at http://undocs.org/S/RES/1261(1999), accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1314, (1999) [on children in armed conflict], 11 Aug. 2000, S/RES/1314 (2000), available at http://undocs.org/S/RES/1314(2000), accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1379, (2001) [on children in armed conflict], 11 Nov. 2001, S/RES/1379 (2001), available at http://undocs.org/S/RES/1379(2001), accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1460, (2003) [on children in armed conflict], 30 Jan. 2003, S/RES/1460 (2003), available athttp://undocs.org/S/RES/1460(2003), accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1539, (2004) [on children in armed conflict], 22 April 2004, S/RES/1539 (2004), available at http://undocs.org/S/RES/1539(2004), accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1612, (2005) [on children in armed conflict], 26 July, 2005, S/RES/1612 (2005), available at http://www.securitycouncil–report.org/atf/cf/%7B65BFCF9B-6D27-4E9C-8CD3-CF6E4FF96FF9%7D/CAC%20SRES%201612.pdf, accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1882, (2009) [on children in armed conflict], 4 Aug. 2009, S/RES/1882 (2009), available at http://www.securitycouncil–report.org/atf/cf/%7B65BFCF9B-6D27-4E9C-8CD3-CF6E4FF96FF9%7D/CAC%20SRES%201882.pdf, accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 1998, (2011) [on children in armed conflict], 12 July, 2011, S/RES/1998 (1999), available at http://www.securitycouncil–report.org/atf/cf/%7B65BFCF9B-6D27-4E9C-8CD3-CF6E4FF96FF9%7D/CAC%20S%20RES%201998.pdf, accessed on Dec. 24, 2017.
UN Security Council, Security Council resolution 2068, (2012) [on children in armed conflict], 19 Sep. 2012, S/RES/2068 (2012), available at http://www.securitycouncil-

report.org/atf/cf/%7B65BFCF9B-6D27-4E9C-8CD3-CF6E4FF96FF9%7D/s_res_ 2068.pdf, accessed on Dec. 24, 2017.

International Labour Organization (ILO), Worst Forms of Child Labour Convention, C182, 17 June 1999, C182, Art. 3(a), available at http://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:12100:0::NO::P12100_ILO_CODE:C182 , accessed on Dec. 24, 2017. Nepal ratified the Convention in January of 2002. *See* International Labour Organization, Information System on International Labour Standards, Ratifications for Nepal, available at http://www.ilo.org/dyn/normlex/en/f?p=1000:11200:0::NO:11200:P11200_COUNTRY_ID:103197, accessed on Dec. 24, 2017.

Partnerships for Protecting Children in Armed Conflicts, *Children Affected by Armed Conflict in Nepal: Recommendations to the Security Council Working Group,* Sept. 2010. http://www.operationspaix.net/DATA/DOCUMENT/6289~v~Children_Affected_by_Armed_Conflict_in_Nepal__Recommendations_to_the_Security_Council_Working_Group.pdf accessed on Dec. 24, 2017.

६. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

लेनिन विष्ट

कृष्ण प्रसाद दंगाल

परमेश्वर खड्का

शोभा रायमाझी

तुलसी नेपाल

सागर कुमार चौहान

मदन राई

राजन तामाङ

खेम बहादुर राई

ईति सम्बत् २०८० साल जेठ महिना १२ गते रोज ०६ शुभम् ..................................।